# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर-अन्तर्राष्ट्रिय मुद्राकोष प्रतिनिधिमण्डल भेट

गभर्नर डा. युवराज खतिवडासंग International Monetary Fund (IMF) का Alexander Pitt को नेतृत्वमा आएको प्रतिनिधिमण्डल (IMF Article VI Mission) ले बैशाख ७ गते भेट गरी नेपालको अर्थतन्त्र, केन्द्रीय बैंकले चालेका कदम र वित्तीय प्रणालीका बारेमा गरेको अध्ययनको निष्कर्षका बारेमा जानकारी गराउँदै छलफल तथा विचार विमर्श गर्‍यो ।



सो अवसरमा गभर्नर डा. खतिवडाले नेपालको अर्थतन्त्रमा संरचनागत समस्या रहेको, आर्थिक वृद्धिलाई तीव्रता दिनका लागि एकातिर सरकारको विकास खर्च बढाउने र बैंक वित्तीय संस्थाहरुले मध्यमकालमा उत्पादन बढाउन सकिने क्षेत्रहरुमा वित्तीय साधन प्रवाह गर्ने, निजी क्षेत्रले बैंकिग क्षेत्रमा उपलब्ध तरलताको अवस्थाबाट फाइदा लिन नयाँ नयाँ उद्योग व्यवसायहरु खासगरी साना तथा मझौला उद्योगहरु (SMEs) मा लगानी बढाउनु पर्ने विचार व्यक्त गर्नु भयो । यसबाट व्यापार घाटा न्यूनीकरण गर्ने दीर्घकालीन लक्ष्य हासिल गर्न सकिने उहाँको विचार रहेको थियो ।

वर्तमान मौद्रिक विस्तारका दृष्टिले मुद्रास्फीति ठूलो चुनौतिको रुपमा नरहेको र यसका लागि बैंकले सजगतापूर्वक कार्य गरिरहेको भन्नु हुँदै उत्पादन र आपूर्तिजन्य अवरोधका कारण हुने मुद्रास्फीतिय दबाब केन्द्रीय बैंकको नियन्त्रण बाहिर रहने धारणा समेत राख्नु भयो । मुद्रास्फीतिलाई बाञ्छित सीमामा कायम राख्न बैंकले उत्पादन बढाउन सहयोग पुगोस् भन्ने अभिप्रायले बैंक तथा वित्तीय संस्थाहरुलाई कर्जा लगानीका लागि केही उत्पादनशील क्षेत्रहरु तोकिदिएको र कर्जाको माग पक्षलाई सुदृढ बनाउन एवं बैंकिंग क्षेत्रलाई प्रतिस्पर्धी बनाउन ब्याजदर अन्तर सम्बन्धी नियमन जारी गरेको प्रष्ट्याउनु भयो ।

बैंकिंग क्षेत्रमा अधिक तरलता रहेको र यसलाई केन्द्रीय बैंकले नवीन मौद्रिक उपकरण जारी गरी तरलता प्रशोचन गर्नु पर्ने भन्ने प्रतिनिधिमण्डलको भनाइको सन्दर्भमा गभर्नर डा. खतिवडाले तरलता मापन गर्दा बैंकिंग क्षेत्रको तरलतालाई मात्रै नहेरी समग्र अर्थतन्त्रको तरलताको स्थितिको आंकलन गरी एकातिर अर्थतन्त्रमा उत्पादन र रोजगारी अभिवृद्धि हुने क्षेत्रमा बैंकहरुले लगानी बढाउनु पर्ने र अर्कोतिर केन्द्रीय बैंकले अल्पकालीन रुपमा उपलब्ध मौद्रिक उपकरणको उपयोग गर्दै नीतिगत सन्देश प्रवाह गरी समग्रमा लगानीको वातावरण तयार गरी दीर्घकालीन समाधान गर्ने सोँच अघि बढाउने विचार व्यक्त गर्नु भयो ।

नेपालको वित्तीय क्षेत्रको बारेमा कुरा राख्दै उहाँले बैंक तथा वित्तीय संस्थाको लगानी र नाफाको अवस्था अर्थतन्त्रको वास्तविक क्षेत्र (Real Sector) को विकाससंग आवद्ध हुनै पर्ने र यसका लागि केन्द्रीय बैंकले पर्याप्त नीतिगत व्यवस्था गरेको धारणा राख्नु भयो । यस क्रममा नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन लगायतका विद्यमान ऐन कानूनहरुमा समसामयिक संशोधनको प्रक्रिया अघि बढाइएको, निक्षेप तथा कर्जा सुरक्षण सम्बन्धी ऐन लगायतका नयाँ ऐन कानूनको तर्जुमा गर्ने कार्य भैरहेको, गाभ्ने तथा गाभिने सम्बन्धी विनियमावली जारी भै सोको कार्यान्वयन निकै अघि बढी सकेको र बैंक तथा

वित्तीय संस्था प्राप्ति गर्ने (Acquisition) सम्बन्धी नयाँ विनियमावली भर्खरै जारी भएको छ भन्नुभयो । यस्तै बैंकिंग क्षेत्रमा संस्थागत सुशासनलाई सुदृढ बनाउन बैंकर र व्यवसायीबीच स्पष्ट भेद हुनु पर्ने, निजी व्यवसायसंग वित्तीय स्वार्थ कायमै रहने गरी व्यवसायीहरु बैंकको सञ्चालक समिति र उच्च व्यवस्थापनमा बस्न नहुनेतर्फ प्रयास रहेको कुरा समेत राख्नु भयो ।

त्यसैगरी, गभर्नर डा. खतिवडाले प्रतिनिधिमण्डलसंग नेपाल राष्ट्र बैंकले अवलम्बन गरेका पछिल्ला नीतिगत कदमहरुबाट प्राप्त उपलब्धिहरुको यथार्थपरक मूल्यांकन एवं विश्लेषण गर्दै आगामी दिनहरुमा नीति निर्माणका लागि गर्नु पर्ने सुधारहरुबारे सैद्धान्तिक मात्र नभई कार्यान्वयनयोग्य सल्लाह र सुझाव सहितको प्रतिवेदन दिन आग्रह गर्नुभयो ।

उक्त भेट अघि IMF South East Asia Voting Group (SEAVG) का Alternate Executive Director, Abdul Rasheed Ghaffour ले गभर्नर डा. खतिवडासंग भेट गर्दै द्विपक्षीय हितका विषयमा छलफल तथा विचार विमर्श गर्नु भएको थियो ।



भेटका क्रममा गभर्नर डा. खतिवडाले पछिल्ला वर्षहरुमा बैंकिंग क्षेत्रको सुदृढीकरणका लागि चालिएका कदमहरुबाट वित्तीय सुशासन कायम गर्ने दिशामा विभिन्न नयाँ नयाँ नीतिगत व्यवस्थाहरु गरिएको, बैंकिंग कसूर तथा सजाय सम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनबाट बैंकिंग क्षेत्रमा रहेका कसूरजन्य कार्य उपर भएको कारवाहीको परिणामस्वरुप वित्तीय क्षेत्रमा सुशासन कायम गराउने कार्यमा उल्लेख्य उपलब्धी हासिल भएको र यसलाई निरन्तरता दिई थप प्रभावकारी बनाउनु पर्ने आवश्यकता रहेको चर्चा गर्नु भयो । गभर्नर डा. खतिवडाले AED Ghaffour लाई IMF South East Asia Voting Group (SEAVG) का तर्फबाट IMF मा यस क्षेत्रको हित अभिवृद्धि हुने विषयहरुलाई सशक्त ढंगले प्रस्तुत गर्न आग्रह गर्नु भएको थियो भने AED Ghaffour ले आफ्नो तर्फबाट कोषमा प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास दिलाउनु भएको थियो ।

**मिति : २०७१ बैशाख १० गते बुधबार**

**गभर्नरको कार्यालय**